# स्थानीय राजपत्र

## रुवी भ्याली गाउँपालिकाद्धारा प्रकाशित

बर्ष ७) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८० साल (संख्याः१)

**भाग-१**

रुवी भ्याली गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## रुवी भ्याली गाउँपालिकाको आर्थिक ऐन,२०८०

**सभाबाट स्वीकृत भएको मिति : २०८० असार १० गते**

**प्रस्तावना**

रुवी भ्याली गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम यस गाउँपालिकाको तेहौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम आर्थिक ऐन, २०८० रहेको छ ।

२. **सम्पत्ती करः** यस गाउँपालिका क्षेत्रभित्र **अनुसूची (१)** बमोजिम एकीकृत सम्पत्ती कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र **अनुसूची (२)** बमोजिम भूमि कर(मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ती वा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा **अनुसूची (३)** बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र ब्यापार, ब्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूची (४)** बमोजिम ब्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी करः गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, वनकस र प्रचलित कानुनले निषेध गरेको वाहेकका वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने वा असुल उपर गरिनेछ ।**

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची (६)** बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।**

९. **पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम शुल्क लगाइने वा असूल उपर गरिनेछ ।**

१०. **सेवा शुल्क र सिफारिस दस्तुरः** गाउँपालिकाले आफ्नो क्षेत्रमा सेवा संचालन गरे बापतको सेवा शुल्क र गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालयबाट वा गाउँपालिका प्रमुखबाट कानुन बमोजिम जारी हुने विविध प्रकारका सिफारिसका लागि **अनूसूची (९)** बमोजिमको शुल्क तथा दस्तुर लगाइनेछ ।

११. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूची (१०)** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भए सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१२. **विक्री तथा निकासी शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रबाट बाहिर जुनसुकै वस्तुहरुको विक्री तथा निकासी गर्दा **अनुसूची (११)** बमोजिमको दस्तुर लगाइनेछ ।

१३. **कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।**

१४. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची-१

सम्पत्ती करको दररेट

(दफा २ संग सम्वन्धित)

| क्र.सं. | सम्पत्ती करको दररेट | आ.व. २०८०।०८१ |
|---|---|---|
| १ | १ देखि २ लाख ५० हजार सम्म | २५।- |
| २ | २ लाख ५० हजार देखि ५ लाख सम्म | ५०।- |
| ३ | ५ लाख देखि ६ लाख ५० हजार सम्मको | १००।- |
| ४ | ६ लाख ५० हजार १ देखि १० लाख सम्मको | १५०।- |
| ५ | १० लाख देखि १२ लाख ५० हाजर सम्मको | २२५।- |
| ६ | १२ लाख ५० हजार देखि १५ लाख सम्मको | २५०।- |
| ७ | १५ लाख देखि १७ लाख ५० हजार सम्मको | ३००।- |
| ८ | १७ लाख ५० हजार देखि २० लाख सम्मको | ३५०।- |
| ९ | २० लाख देखि २२ लाख ५० हजार सम्मको | ५००।- |
| १० | २२ लाख ५० हजार देखि २५ लाख सम्मको | ५५०।- |
| ११ | २५ लाख देखि २६ लाख ५० हजार सम्मको | ६५०।- |
| १२ | २६ लाख ५० हजार देखि ३० लाख सम्मको | ७००।- |
| १३ | ३० लाख देखि ३५ लाख सम्मको | १२००।- |
| १४ | ३५ लाख देखी ४० लाख सम्मको | १३००।- |
| १५ | ४० लाख देखि ४५ लाख सम्मको | १४५०।- |
| १६ | ४५ लाख देखि ५० लाख सम्मको | १६००।- |
| १७ | ५० लाख देखि ६० लाख सम्मको | ३५००।- |
| १८ | ६० लाख देखी ७० लाख सम्मको | ३८००।- |
| १९ | ७० लाख देखी ८० लाख सम्म | ४२००।- |
| २० | ८० लाख देखि ९० लाख सम्मको | ४७००।- |
| २१ | ९० लाख देखी १ करोड सम्मको | ५०००।- |
| २२ | १ करोड देखि माथि | ८०००।- |

## अनुसूची-२
## जग्गाको न्युनतम मूल्य निर्धारण र मालपोत दस्तुर
## (दफा ३ संग सम्वन्धित)

| क्र.सं. | जग्गाको विवरण | न्युनतम मूल्य रु | मालपोत दस्तुर रु (प्रति रोपनी) |
|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनी | २५।- |
| २ | दोयम | प्रति रोपनी | २०।- |
| ३ | सीम | प्रति रोपनी | १७।- |
| ४ | चाहार | प्रति रोपनी | १५।- |
| ५ | खरि बारी | प्रति रोपनी | १२।- |

## अनुसूची-३
## घर बहाल कर
## (दफा ४ संग सम्वन्धित)

क) गाउँपालिका क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिक रुपमा वहालमा दिइएकोमा वहाल रकमको १०% (दश प्रतिशत) बहाल कर लाग्नेछ ।

## अनुसूची-४
## व्यबसाय करको दर र नविकरण शुल्क
## (दफा ५ संग सम्वन्धित)

| क्र.सं. | विवरण | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | **मदिरा (रक्सी जन्य) तथा सूर्तिजन्य व्यवसाय** | | |
| | क) थोक विक्रता | ३०००/- | २०००/- |
| | ख) खुद्रा विक्रता | २०००/- | १०००/- |
| २ | **इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स** | | |
| | क) थोक विक्रेता | २०००/- | १०००/- |
| | ख) खुद्रा विक्रेता | १०००/- | ५००/- |
| ३ | **कपडा पसल** | | |
| | क) सुति कपडा पसल (थोक विक्रता) | ३०००/- | २०००/- |
| | ख) सुति कपडा पसल ( खुद्रा विक्रता) | १०००/- | ५००/- |
| | ख) फेन्सि कपडा रेडिमेड | १०००/- | ५००/- |
| ४ | **गहना (ज्वेलरी) पसल** | | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्रि गर्ने | २०००/- | १०००/- |

| | | | |
|---|---|---|---|
| | ख) स- साना गहना निर्माण तथा विक्रि गर्ने | १०००/- | ५००/- |
| ५ | **हार्डवेयर एण्ड सप्लायर्स** | | |
| | क) थोक विक्रता | ३०००/- | १५००/- |
| | ख) खुद्रा विक्रता | २०००/- | १०००/- |
| ६ | **दैनिक उपभोगका खाध पदार्थ (खाध्यन्न, तरकारी तथा फलफूल समेत)** | | |
| | क) थोक विक्रेता | ३०००/- | २०००/- |
| | ख) खुद्रा विक्रेता | २०००/- | १०००/- |
| ७ | **पर्यटन, व्यवसाय, आवास, होटेल, रेष्टुरा, रिसोर्ट** | | |
| | क) ५० लाख भन्दा बढि पुँजी भएका | १००००/- | ७५००/- |
| | ख) २५ देखी ५० लाख सम्म पुँजी भएका | ६०००/- | ४५००/- |
| | ग) १० देखी २५ लाखसम्म पुँजी भएका | ३०००/- | २०००/- |
| | घ) ५ देखी १० लाखसम्म पुँजी भएका | २०००/- | १०००/- |
| | ङ) १ देखी ५ लाखसम्म पुँजी भएका | १५००/- | १०००/- |
| | च) १ लाखसम्म पुँजी भएका | १०००/- | ५००/- |
| ८ | **उत्पादनमुलक उद्योग** | | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामान प्रयोगा वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग | २५००/- | १५००/- |
| ९ | **कृषि तथा वनजन्य उद्योग** | | |
| | क) वन पैदावरमा आधारित उद्योग (उत्पादन गर्ने) | ५०००/- | ३०००/- |
| | ख) वन पैदावरमा आधारित व्यवसाय | २५००/- | १५००/- |
| | ग) कृषिमा आधारित उद्योग व्यवसाय | १०००/- | ५००/- |
| १० | **गाउँपालिका प्रधान कार्यालय भएको निर्माण व्यवसाय** | | |
| | क श्रेणीको | १००००/- | ५००० |
| | ख श्रेणीको | ८०००/- | ४००० |
| | ग श्रेणीको | ७०००/- | ३००० |
| | घ श्रेणीको | ५०००/- | २५०० |
| ११ | **मर्मत सम्भार** | | |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक आदि मर्मत ग्यारेज | ५०००/- | ३०००/- |
| | ग) कार, मोटरसाइकल मर्मत ग्यारेज | ३०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| | ग) रेडियो, टि.वि., घडि, प्रसर कुकर, हिटर विद्युत सामाग्री मर्मत केन्द्र | १०००/- | ५००/- |
| १२ | **अन्य सेवा** | | |
| | क) ब्युटी पार्लर, फोटो स्टुडियो, सिलाइ सेन्टर आदि | १०००/- | ५००/- |
| | ख) साइन बोर्ड बनाउने, पेन्टिङ सेवा | १०००/- | ५००/- |
| | ग) मासु बिक्रेता | १०००/- | ५००/- |
| | घ) भाडाकुँडा विक्रेता | १०००/- | ५००/- |
| | ङ) रुख काट्ने हाते मेसिन | १००००/- | ५०००/- |
| | च) मिल | १०००/- | ५००/- |
| | छ) घट्ट | ४००/- | २००/- |
| | ज) विज्ञापन सेवा | ५००/- | ३००/- |
| | झ) स्टिल, काठ फर्निचर बिक्रेता | १०००/- | ५००/- |
| | ञ) खेलौना, उपहार विक्रेता | ५००/- | ३००/- |
| | | | |
| १३ | **स्वास्थ्य सेवा** | | |
| | क) क्लिनिक तथा ल्याब | ३०००/- | २०००/- |
| | ख) फार्मेसी | ३०००/- | २०००/- |
| १४ | **संचार सेवा** | | |
| | क) निजी क्षेत्रका इन्टरनेट, रेडियो आदि | १०००/- | ५००/- |
| १५ | **शिक्षा सेवा** | | |
| | क) निजि क्षेत्रका स्कुल | ५०००/- | ३०००/- |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | ३०००/- | २०००/- |
| १६ | **वित्तिय सेवा** | | |
| | क) सहकारी बैंक | १०००/- | ५००/- |
| | ख) वचत समुह | १०००/- | ५००/- |

क) माथी उल्लेख भएको व्यवसायहरूमा सोही अनुसार र नभएको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाको बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा ५०% ले हुने रकम थप व्यवसाय कर लिने ।

ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा २०% प्रतिशत थप बिलम्ब शुल्क सहित असुल गरिनेछ । चालु आ.ब. अगावै कुनै लाग्ने शुल्क वा कर अग्रिम भुक्तानी गरेमा ५ प्रतिशत छुट दिने

**अनुसूची-५**

**जडिबुटी कर**

**(दफा ६ संग सम्वन्धित)**

**आ.व. २०८०।०८१ का लागि स्वीकृत सिफारिस  दस्तुरहरुको दररेट**

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर | कैफियत |
|---|---|---|---|---|
| १ | मजिठो | प्रति के.जी. | ५ | |
| २ | ओखरफलको बोक्रा | प्रति के.जी. | ५ | |
| ३ | ओखर काण्ड बोक्रा | प्रति के.जी. | १० | |
| ४ | चिराइत्तो | प्रति के.जी. | ५ | |
| ५ | चुत्रोको बोक्रा | प्रति के.जी. | ५ | |
| ६ | कुरिलोको जरा | प्रति के.जी. | १० | |
| ७ | सुगन्धवाल | प्रति के.जी. | १० | |
| ८ | अल्लो | प्रति के.जी. | १० | |
| ९ | झ्याउ | प्रति के.जी. | १० | |
| १० | अर्गेली | प्रति के.जी. | १० | |
| ११ | पाखनवेत | प्रति के.जी. | १० | |
| १२ | लोक्ता/नेपाली कागज | प्रति के.जी. | १० | |
| १३ | ठिग्रे सल्लाको सिम्टा | प्रति के.जी. | ५० | |
| १४ | धसिंगरे तेल | प्रति के.जी. | २०० | |
| १५ | अम्रिसो | प्रति के.जी. | ५ | |
| १६ | जटामसी | प्रति के.जी. | ५ | |
| १७ | तेजपात | प्रति के.जी. | ५ | |
| १८ | गोब्रे सल्लाको सिम्टा | प्रति के.जी. | ५ | |
| १९ | नागबेली पाउडर | प्रति के.जी. | ५ | |
| २० | खोटो | प्रति के.जी. | ४० | |
| २१ | गेब्रे सल्लाको पातको तेल | प्रति के.जी. | ५ | |
| २२ | भिर मह | प्रति के.जी. | ५० | |
| २३ | सतुवा | प्रति के.जी. | २०० | |
| २४ | धुपीपात | प्रति के.जी. | १० | |
| २५ | नागबेली | प्रति के.जी. | १० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | सुगन्धित तेल | प्रति के.जी. | १०० | |
| २७ | साधारण च्याउ | प्रति के.जी. | १० | |
| २८ | ईन्द्रेयिनी | प्रति के.जी. | १० | |
| २९ | सल्लो उत्तिस र अन्य बरामदी काठ (गोलिया) | प्रति के.जी. | १० | |
| ३० | सल्लो उत्तिस र अन्य बरामदी काठ (चिरान) | प्रति के.जी. | १० | |
| ३१ | बाँस | गोटा | ५ | |
| ३२ | बन लसुन | प्रति के.जी. | २०० | |
| ३३ | हाडे लसुन | प्रति के.जी. | २०० | |
| ३४ | कुरीलो | प्रति के.जी. | १० | |
| ३५ | निगालो | प्रति के.जी. | १ | |
| ३६ | अलैंची | प्रति के.जी. | २० | |
| ३७ | यार्सागुम्बा | प्रति के.जी. | १५००० | |
| ३८ | लोठ सल्लाको पात | प्रति के.जी. | १० | |
| ३९ | सुठो | प्रति के.जी. | १० | |
| ४० | लप्सी | प्रति के.जी. | १० | |
| ४१ | ऊन | प्रति के.जी. | ५ | |
| ४२ | छुर्पी | प्रति के.जी. | १५ | |
| ४३ | घिउ | प्रति के.जी. | १० | |
| ४४ | सुनपाती | प्रति के.जी. | १० | |
| ४५ | कवाडी सामान (१००० के.जि. सम्म) | प्रति के.जी. | ५ | |
| ४६ | कवाडी सामान (१००० के.जि. भन्दा माथि) | प्रति के.जी. | ८ | |
| ४७ | कवाडी सामान — तामा पित्तल | प्रति के.जी. | १०० | |
| ४८ | पदमचाल | प्रति के.जी. | १० | |
| ४९ | टिमुर | प्रति के.जी. | १० | |
| ५० | जटामसी | प्रति के.जी. | ५०० | |
| ५१ | निरमसी | प्रति के.जि. | ५०० | |

रुवी भ्याली गाउँपालिका भित्र उत्पादन भइ निकासी हुने माथि उल्लेखित बाहेक अन्य वस्तुहरुको हकमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची-६

## सवारी साधन कर

**(दफा ७ संग सम्वन्धित)**

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरु रुवी भ्याली गाउँपालिका क्षेत्र भित्र नियमित रूपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गरी सञ्चालनको अनुमति लिनु पर्नेछ । जसको लागि प्रदेश सरकारले तोके बमोजिमको कर लाग्नेछ ।

## अनुसूची-७

## विज्ञापन कर

**(दफा ८ संग सम्वन्धित)**

(क) निजी आवासमा प्रतिवर्ग फिट रु ५०/-

ख) मदिरा र सुर्तजन्य वस्तुको विज्ञापन प्रतिवर्ग फिट रु. १००/-

ग) अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट रु. ५०/-

घ) सार्वजनिक स्थानमा व्यानर टाँगेमा प्रति वर्गफिट ७ दिन सम्म रु ७ सो पछि प्रतिदिन थप प्रति वर्गफिट रु. ५/-

(ङ) १ वर्ग फिट सम्मको विज्ञापन महिना सम्मको प्रतिदिन १ र सो भन्दा बढि राखु प्रतिदिन रु.२/-

च) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान बोर्ड व्यवसायीले आफ्नो पसल या व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन् र अन्य धेरै बोर्ड राखु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायीले विज्ञापन कर बापत बुझाउनु पर्नेछ ।

## अनुसूची-८

## पार्किङ शुल्क

**(दफा ९ संग सम्वन्धित)**

| | | |
|---|---|---|
| क) मोटरसाइकल | प्रतिघण्टा | रु.५/- |
| ख) हलुका सवारी साधन | प्रतिघण्टा | रु.१०/- |
| ग) हेभि सवारी साधन | प्रतिघण्टा | रु. २०/- |

## अनुसूची-९

## विविध सेवा शुल्क, सिफारिस दस्तुर

## (दफा १० संग सम्वन्धित)

### क) आ.व. २०८०।०८१ का लागि स्वीकृत सिफारिस  दस्तुरहरुको दररेट

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | २०० | |
| २ | मोहि लगत कट्टा सिफारिस | २०० | |
| ३ | घर कायम सिफारिस | २०० | |
| ४ | पक्की घर निर्माण सम्पन्न | २००० | |
| ५ | कच्ची घर निर्माण सम्पन्न | ५०० | |
| ६ | वैदेशिक रोजगारीको लागी सिफारिस | ५०० | |
| ७ | घर सम्पत्ति मुल्याङ्कन सिफारिस स्वदेशी प्रयोजन | ५०० | |
| ८ | घर सम्पत्ति मुल्याङ्कन सिफारिस विदेशी प्रयोजन | १००० | |
| ९ | छात्रवृति सिफारिस | १०० | |
| १० | अपांग सिफारिस | निःशुल्क | |
| ११ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | |
| १२ | अस्थायी बसोवास सिफारिस | १०० | |
| १३ | स्थायी बसोवास सिफारिस | २०० | |
| १४ | नागरिकता सिफारिस | २०० | |
| १५ | नागरिकता प्रतिलिपी सिफारिस | ३०० | |
| १६ | नेपाली पेन्सन पट्टाको सिफारिस | ५०० | |
| १७ | भारतीय पेन्सन पट्टाको सिफारिस | १००० | |
| १८ | नाफामुलक संस्था दर्ता सिफारिस | २००० | |
| १९ | आपुताली सिफारिस नेपाली | २००० | |
| २० | आपुताली सिफारिस विदेशी | ५००० | |
| २१ | साना तथा घरेलु उद्योग सिफारिस | २००० | |
| २२ | ठुला तथा मझौला उद्योग सिफारिस | ३००० | |
| २३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | |
| २४ | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | १००० | |
| २५ | विद्युत जडान सिफारिस घरायसी | २०० | |
| २६ | विद्युत जडान सिफारिस व्यवसायिक | ५०० | |
| २७ | जिवित रहेको सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| २८ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारि/फरक जन्म मिति संशोधन सिफारिस | २०० | |
| २९ | जग्गा मुल्याङ्कन सिफारिस र प्रमाणित | ५०० | |
| ३० | व्यवसाय वन्द सिफारिस | १०० | |
| ३१ | व्यवसाय संचालन नभएको सिफारिस | १०० | |
| ३२ | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | |
| ३३ | नाबालक परिचयपत्र सिफारिस | १०० | |
| ३४ | चौपाया सम्बन्धि सिफारिस | १०० | |
| ३५ | व्यवसाय दर्ता/नविकरण सिफारिस | ३०० | |
| ३६ | उद्योग ठाउँसरी सिफारिस | ३००० | |
| ३७ | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| ३८ | जग्गा दर्ता सिफारिस | ३०० | |
| ३९ | संरक्षक सिफारिस व्यक्तिगत | १०० | |
| ४० | संरक्षक सिफारिस संस्थागत | २०० | |
| ४१ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निःशुल्क | |
| ४२ | जिवित संगको नाता प्रमाणित | २०० | |
| ४३ | मृतक संगको नाता प्रमाणित | २०० | |
| ४४ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ४५ | जेष्ठ नागरीक परिचय पत्र सिफारिस | निःशुल्क | |
| ४६ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | निःशुल्क | |
| ४७ | संस्था दर्ता सिफारिस | २०० | |
| ४८ | प्यान दर्ता सिफारिस | २०० | |
| ४९ | घरबाटो प्रमाणित | ५०० | |
| ५० | चार किल्ला प्रमाणित | ५०० | |
| ५१ | जन्म मिति प्रमाणित | १०० | |
| ५२ | विवाह प्रमाणित | २०० | |
| ५३ | कागज मन्जुरीनामा प्रमाणित | १०० | |
| ५४ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ५५ | अविवाहित प्रमाणित | १०० | |
| ५६ | जग्गा रेखाङ्कन कार्य वा सो कार्यमा रोहवर | २०० | |
| ५७ | जग्गा धनी लालपूर्जा हराएको सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| ५८ | पुर्जामा घर कार्यम गर्ने सिफारिस | २०० | |
| ५९ | पुर्जामा फोटो टाँस सिफारिस | २०० | |
| ६० | अंग्रेजी सिफारिस तथा प्रमाणित | २५० प्रति पेज | |
| ६१ | कन्सुलर प्रमाणित | ५०० प्रति पेज | |
| ६२ | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |
| ६३ | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निःशुल्क | |
| ६४ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (३५ दिनपछि) | २०० | |
| ६५ | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | |
| ६६ | व्यक्तिगत घटना दर्ता पंजिकर त्रुटी/ गल्ती सच्याउने/सच्याउन सिफारिस | २०० | |
| ६७ | पक्का घरको सर्जमिन बापत | ३०० | |
| ६८ | अन्य सबै प्रकारको सर्जमिन बापत | ३०० | |
| ६९ | विपद्/राहत / क्षतिपुर्ति सिफारिस | निःशुल्क | |
| ७० | उल्लेखित बाहेक अन्य | सिफारिस १००, प्रमाणित २०० संशोधित २०० | |

## ख) एम्बुलेन्स सेवा शुल्क सम्बन्धी दररेट

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | सेर्तुङ- धादिङबेसी (पालिकाभरिका नागरिकका लागी) | १०००० | |
| २ | सेतुङ- काठमाडौं (पालिकाभरिका नागरिकका लागी) | १४००० | |
| ३ | बोराङ- धादिङबेसी(पालिकाभरिका नागरिकका लागी) | ९००० | |
| ४ | बोराङ- काठमाडौं (पालिकाभरिका नागरिकका लागी) | १३००० | |
| ५ | माथि उल्लेखित बाहेकको स्थानमा प्रति कि.मी. | २०० | |
| ६ | पालिकाभरीका गर्भवती महिलाहरुको उपचारका लागी स्वास्थ संस्थासम्म लैजानका लागी | निःशुल्क | |

ग) एक्साभेटर प्रयोग गरे बापतको शुल्क सम्बन्धि दररेट

| अपरेटर र इन्धन बाहेक | | | | |
|---|---|---|---|---|
| क.सं. | कामको प्रकार | भाडा दर | | |
| | | प्रति घण्टा | प्रति सिफ्ट | कैफियत |
| १ | बकेट | ३०००/- | | |
| २ | ब्रेकर | ४०००/- | | |

| अपरेटर र इन्धन सहित | | | | |
|---|---|---|---|---|
| क.सं. | कामको प्रकार | भाडा दर | | |
| | | प्रति घण्टा | प्रति सिफ्ट | कैफियत |
| १ | बकेट | ७५००/- | | |
| २ | ब्रेकर | ८५००/- | | |

घ) रुवी भ्याली गाउँपालिकाको दर्ता, नविकरण तथा सिफारिस दस्तुरको दरः

| क.सं. | विवरण | इकाइ | प्रति इकाई दर रु. |
|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्था दर्ता/ नविकरण सिफारिस दस्तुर | सिफारिस | १००० |
| २ | खानेपानी मुहान दर्ता दस्तुर | सिफारिस | १००० |
| ३ | सिंचाई मुहान दर्ता दस्तुर | सिफारिस | १००० |
| ४ | खानेपानी र सिंचाइ उपभोक्ता समिति नविकरण | सिफारिस | ५०० |
| ५ | विभिन्न संघ संस्था वा समितिहालई योजना/ आयोजना/ कार्यक्रम आदिको मागको लागि सरकारी तथा गैरसरकारी निकायहरुमा सिफारिस बापत प्रति सिफारिस दस्तुर | सिफारिस | २०० |
| ६ | गैरसरसकारी संस्था/परामर्शदाता सुचिकृत | | १००० |
| ७ | विभीन्न संघ संस्था वा समितिलाई योजना/ आयोजना/ कार्यक्रम आदिको मागको लागी विदेशी निकायहरु तथा दातृ निकायहरुमा सिफारिस बापत प्रति सिफारिस दस्तुर | सिफारिस | १००० |
| ८ | कुनै विज्ञ/ पेशागत कार्य/अध्ययन अनुसन्धान कार्य गर्न अनुमति वा सिफारिस दस्तुर | सिफारिस | १००० |
| ९ | लघु जलविद्युत आयोजना (१ मेघावाट भन्दा कम) को निर्माण अनुमति/सिफारिस दस्तुर | सिफारिस | १०००० |

| | | | |
|---|---|---|---|
| १० | लघु जलविद्युत आयोजना (१ मेघावाट भन्दा कम) को सर्वेक्षण अनुमति/सिफारिस दस्तुर | सिफारिस | १००० |
| ११ | लघु जलविद्युत आयोजना (१० मेघावाट भन्दा बढी) को सर्वेक्षण अनुमति/सिफारिस दस्तुर | सिफारिस | ५००० |

**घ) नक्सा पास तथा निर्माण स्विकृति दस्तुरः**

१) तिन तल्ला सम्मको लागी मात्रः आर.सि.सि. ढलान घर प्रतिवर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु. ५/- सडक नभएको क्षेत्रमा रु. ३/- , नक्सा पास नगरी बनाएकोमा तोकिएको शुल्कमा ५०% थप दस्तुर लाग्नेछ ।

२) आर.सि.सि. बाहेकका पक्की घर प्रतिवर्ग फिट सडक बाटो भएको क्षेत्रमा रु. ४/- सडक बाटो नभएको क्षेत्रमा रु. २/- , नक्सा पास नगरी बनाएकोमा तोकिएको शुल्कमा ५०% थप दस्तुर लाग्नेछ ।

३) गाउँपालिका गठन हुनु अगाडि निर्माण भएका घरहरुका घरधनीले घर दर्ता गरी निर्माण सम्पन्न गरेको प्रमाण कागजात खोजेमा हाल कायम रहेको नक्सापास दस्तुरको दोब्बर दस्तुर लिई प्रमाण कागजात उपलब्ध गराईने छ । गाउँपालिका गठन हुनु अगाडि गाविसको कार्यालयबाट नक्शा पास भएका घरहरु गाउँपालिकाले पास गरे सरह हुनेछ ।

४) नक्शा पास निर्माण सम्पन्न भएका घरहरुको नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मुल्य रु.१,०००/- मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ ।

५) नक्शापास प्रमाण-पत्र र घर निर्माण सम्पन्न प्रमाण-पत्रको दस्तुर रु. ५००/- र सोको प्रतिलिपी दस्तुर रु. १०००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ । Plinth level भन्दा माथि Super structure को नक्शा पास गरी निर्माण सम्पन्न प्रमाण-पत्र २ वर्षभित्र नलिएमा बिलम्ब दस्तुर रु ३,०००/- वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन वढि हुन्छ सो वरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिनेछ ।

६) घर निर्माणको लागि नक्सा पास गरे पनि २ वर्ष सम्म विविध कारणले घर निर्माण नगरेमा नक्सा पास शुल्क फिर्ता हुने छैन र सो अवधि पछि पुनः अनुमति तथा नक्सा पास लिनु पर्नेछ ।

## अनुसूची-१०
## पर्यटन शुल्क
**(दफा ११ संग सम्वन्धित)**

| क्र.सं. | विवरण | शुल्क दस्तुर |
|---|---|---|
| १ | ट्रेकिङ रुटमा अनुमती | विदेशी प्रतिव्यक्ती २० US डलर |

| | | |
|---|---|---|
| २ | ट्रेकिङ रुटमा अनुमती | स्वदेशी प्रति व्यक्ती २००।- |

## अनुसूची-११
## निकासी तथा सहजीकरण शुल्क
## (दफा १२ संग सम्वन्धित)

| क्र.सं. | विवरण | इकाई | कर,दस्तुर,शुल्क |
|---|---|---|---|
| १ | रुवी/क्रिष्टल तथा खानीजन्य पदार्थ | | मूल्यांकनको १०% |
| २ | ढुंगा, गिट्टी र बालुवा | प्रति टिप (आइचर) | ५००।- |
| ३ | ढुंगा, गिट्टी र बालुवा | प्रति टिप (ट्याक्टर) | २००।- |
| ४ | ढुंगा, गिट्टी र बालुवा | प्रति बोरा | ५।- |
| ५ | ढुंगा, गिट्टी र बालुवा | प्रति पाथी | ०.६३।- |

## विक्री ,निकासी शुल्क तथा निकासी शुल्क
## (दफा १२ संग सम्वन्धित)

| | | | |
|---|---|---|---|
| १ | आलु | प्रति कुइन्टल | ५०।- |
| २ | सिमी | प्रति कुइन्टल | १००।- |
| ३ | जौ, गहुँ,कोदो, मकै | प्रति कुइन्टल | ५०।- |
| ४ | भेडा | प्रति गोटा | १००।- |
| ५ | च्याङ्ग्रा | प्रति गोटा | २००।- |
| ६ | बाखा | प्रति गोटा | १००।- |
| ७ | सुंगुर/बंगुर | प्रति गोटा | १००।- |
| ८ | चौरी | प्रति गोटा | ५००।- |
| ९ | याक | प्रति गोटा | १०००।- |
| १० | गाई | प्रति गोटा | १००।- |
| ११ | भैसी/राँगा | प्रति गोटा | १००।- |
| १२ | कुखुरा/हाँस | प्रति गोटा | ५।- |

**आज्ञाले**

**नविन कुमार गोले**

**प्रमुख प्रशासकीय अधिकृत**